# वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड

## दशौं वार्षिक साधारण सभाको निर्णय तथा कामकारबाही विवरण (माइन्यूट)

वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड (प.लि.नं.१२९६/०६७/६८)को सञ्चालक समितिकी अध्यक्ष श्री बिन्दीया श्रेष्ठ प्रधानको अध्यक्षतामा मिति २०७८ साल पुष १६ गते (तदनुसार ३१ डिसेम्बर २०२१) शुक्रवार विहान ११:०० बजे देखि अपरान्ह ३:३० बजेसम्म धुलिखेल नगरपालिका वडा नं. ४ स्थित होटल अरनिकोको सभाहल, काभ्रेपलाञ्चोकमा सम्पन्न भएको दशौं वार्षिक साधारण सभाको निर्णयहरु तथा अन्य कामकारवाही समेतको निर्णय पुस्तिका विवरण (माइन्यूट) देहाय बमोजिम रहेको छ ।

१. उपस्थिति :

क. सभामा उपस्थित सञ्चालकहरु :

| | | |
|---|---|---|
| १.. | श्री बिन्दीया श्रेष्ठ प्रधान | अध्यक्ष |
| २. | श्री बिमला उपाध्याय घिमिरे | सञ्चालक |
| ३. | श्रीं दधि राम पौड्याल | सञ्चालक |
| ४. | श्री नरेन्द्र कुमार प्रसाई | सञ्चालक |
| ५. | श्री कृष्ण राज सिलवाल | सञ्चालक |
| ६. | श्री शिव प्रसाद मिश्र | सञ्चालक |
| ७. | डा. भरत सिंह थापा | स्वतन्त्र सञ्चालक |

ख. सम्बन्धित निकायका प्रतिनिधिको उपस्थिति :

१. श्री सबिन बुढाथोकी, प्रतिनिधी, कुमारी क्यापिटल लिमिटेड

२. श्री निर्देश श्रेष्ठ, साझेदार, पि.जे.पि.एन. एण्ड कम्पनी, चार्टर्ड एकाउण्टेण्टस

ग. पदाधिकारीको उपस्थिति :

१. श्री प्रमेश आचार्य, प्रमुख कार्यकारी अधिकृत तथा कम्पनी सचिव

घ. यस वित्तीय संस्थाको दशौं बार्षिक साधारण सभाको मितिसम्म १४८३३ (फिजिकल तथा डिम्याट समेत) जना शेयरधनीहरु सभामा सहभागी हुन र मतदान गर्न योग्य रहनु भएको छ ।

ङ. शेयरधनीको प्रतिनिधित्व प्रतिशत :
सभामा शेयरधनी स्वयं तथा प्रोक्सी मार्फत ६०.०४ प्रतिशत उपस्थिति रह्यो ।

च. गणपुरक संख्या तथा सभाको बैधानिकता :
यस वित्तीय संस्थाको सञ्चालक समितिको मिति २०७८ साल मंसिर २१ गते बसेको बैठक नं ७/०७८/०७९ को निर्णयानुसार वित्तीय संस्थाको १० औं बार्षिक साधारण सभाको सुचना मिति: २०७८ मंसिर २३ गते आर्थिक अभियान राष्ट्रिय दैनिक र पौष ७ गते नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित गरी शेयरधनीहरुलाई सभाबारे जानकारी गराईएको थियो । कम्पनी ऐन, प्रचलित कानून तथा वित्तीय संस्थाको नियमावलीको नियम १८ र १९ बमोजिम सभा सञ्चालनको लागि गणपूरक संख्याको ५० प्रतिशत भन्दा माथि हुनुपर्ने ब्यवस्था रहेको छ। सो अनुरुप कुल शेयर संख्याको स्वयं, प्रोक्सी तथा भर्चुअल मार्फत ६०.०४ प्रतिशत शेयरको प्रतिनिधित्व भएकोले सभा सञ्चालनको लागि गणपुरक संख्या पुगेको र कम्पनी ऐन, २०६३ तथा संस्थाको नियमावली अनुसार साधारण सभा बैधानिक भएको सभालाई जानकारी गराईयो ।

**२. छलफलका विषयहरु :**

**क) सामान्य प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व. २०७७।०७८ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७८ आषाढ मसान्तको वासलात, २०७७ श्रावण १ गते देखि २०७८ आषाढ मसान्त सम्मको नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण तथा सम्बन्धित अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।

३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०७८/७९ को लागि लेखापरीक्षण समितिको सिफारिसमा लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने ।

ख) विशेष प्रस्तावहरु :

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम २०७८ असार मसान्तमा कायम चुक्ता पूँजी रु ४१,१९,४४,४००।- को २० प्रतिशतले हुने रकम रु.८,२३,८८,८८०।-(अक्षरुपी आठ करोड तेईस लाख अठासी हजार आठ सय असी) बोनस शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने तथा बोनस शेयरलाई जारी पूँजी तथा चुक्ता पूँजीमा बृद्धि गरी प्रबन्ध पत्र तथा नियमावलीमा संशोधन गर्ने विशेष प्रस्ताव स्वीकृत गर्ने ।

२. वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड र सूर्योदय लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभ्ने/गाभिने सम्बन्धमा सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

३. वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड र सूर्योदय लघुवित्त वित्तीय संस्था लिमिटेड गाभ्ने/गाभिने (मर्जर) प्रयोजनको लागि मुल्यांकनकर्ताबाट प्राप्त गाभ्ने तथा गाभिने संस्थाको चल अचल सम्पत्ति र दायित्व मुल्यांकन प्रतिवेदन (Due Deligence Audit-DDA) समेतको आधारमा मर्जर समितिबाट निर्धारण गरिएको १:१ को (एक शेयर बराबर एक शेयर) शेयर आदान प्रदान अनुपात (Share Swap Ratio) लाई पारित गरी मर्जरलाई स्वीकृती प्रदान गर्ने र सो सम्बन्धमा देहाय बमोजिमको प्रस्तावलाई स्वीकृती प्रदान गर्ने ।

(क) वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड र सूर्योदय लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभ्ने/गाभिने (मर्जर) प्रयोजनको लागि व्यवसायिक योजना तथा प्रक्षेपण (Business Plan and Projection), चल अचल सम्पत्ति र दायित्व मुल्यांकन प्रतिवेदन (Due Deligence Audit-DDA) गर्न नियुक्त लेखापरीक्षक (DDA मुल्यांकनकर्ता) को नियुक्ती तथा पारिश्रमिकलाई अनुमोदन गर्ने ।

(ख) वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड र सूर्योदय लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभिए पछि गठन हुने संचालक समितिमा यस वित्तीय संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने संचालकहरुको निर्णय गर्ने संचालक समितिको निर्णयलाई अनुमोदन गर्ने तथा सूर्योदय लघुवित्त वित्तीय संस्थाबाट चयन हुने संचालकलाई पदस्थापन गर्ने एवं अनुमोदन गर्ने अधिकार संचालक समितिलाई प्रत्यायोजन गर्ने ।

(ग) सञ्चालकको कार्यकाल सम्बन्धमा ।

(घ) वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड र सूर्योदय लघुवित्त वित्तीय संस्था लिमिटेड गाभ्ने/गाभिने (मजर) कार्य पश्चात हुने संस्थाको नाम,ठेगाना, अधिकृत पूँजी, जारी पूँजी, चुक्ता पूँजी, शेयर संरचना लगायतमा परिवर्तन हुने भएकोले सो बमोजिम हुने गरी प्रबन्धपत्र र नियमावलीको तीन महलेमा उल्लेख भए अनुसारको आवश्यक दफा तथा नियम संशोधन/परिमार्जन गर्ने तथा पारित प्रस्ताव नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती लिने र अभिलेख गर्ने क्रममा आवश्यक थपघट संशोधन वा परिमार्जन गर्नु परेमा सो गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

४. बोनस शेयर वितरण तथा सूर्योदय लघुवित्त गाभिए पश्चात बृद्धि हुने जारी पूँजी र चुक्ता पूँजी आवश्यकतानुसारको समयमा संस्थाको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने तथा उक्त संशोधनहरुमा नेपाल राष्ट्र बैंक वा अन्य नियमनकारी निकायले फेरबदल गरेमा वा गर्न निर्देशन दिएमा सो अनुरुप आवश्यक संशोधन तथा परिमार्जन गर्न सञ्चालक समितिलाई अख्तियारी दिन स्वीकृत गर्ने ।

५. मर्जर पश्चात्को संस्थाका सञ्चालकको बैठक भत्ता तथा अन्य सुविधामा पुनरावोलकन गर्ने सम्बन्धमा ।

६. वोमी लघुवित्त वित्तीय संस्था र सूर्योदय लघुवित्त वित्तीय संस्था एक आपसमा गाभिए पछि बन्ने संस्थाको नाम बमोजिम सूर्योदय वोमी लघुवित्त वित्तीय संस्थाको प्रबन्ध पत्र तथा नियमावलीको विभिन्न दफाहरु तथा नियमहरुमा आवश्यक संसोधन गर्नुपर्ने भएकोले सोको स्वीकृति गर्ने अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

७. बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने गाभिने तथा प्राप्ति सम्बन्धी विनियमावली,२०७३ बमोजिम सञ्चालक समितिको निर्वाचन सूर्योदय लघुवित्त वित्तीय संस्थालाई गाभ्ने कार्य सम्पन्न भएपछिको आगामी साधारण सभामा गर्ने सम्बन्धमा ।

८. वित्तीय संस्थाको सञ्चालक समिति,अन्य समितिहरुको वैठकहरु,साधारणसभा लगायतका बैठक तथा सभाहरु विधुतिय माध्यमबाट समेत गर्न सक्ने र सदस्यहरुसंग वित्तीय कारोबार गर्दा विधुतिय कारोबार जस्तै एसएमएस बैंकिङ,मोवाईल बैकिङ,इन्टरनेट बैंकिङ आदि जस्ता कारोबार गर्ने गरी वित्तीय संस्थाको नियमावली तथा प्रबन्ध पत्रमा आवश्यक संसोधन,परिमार्जन थप व्यवस्था कायम गर्ने ।

९.नेपाल राष्ट्र बैंकको स्वीकृति लिई संस्थापक समुहको शेयर स्वामित्व मध्येको बढिमा १० प्रतिशत विन्दुसम्मको शेयरलाई सर्वसाधारण शेयरमा परिणत गर्ने प्रयोजनको लागि आवश्यक प्रक्रिया शुरु गर्न सञ्चालक समितिलाई आवश्यक अख्तियारी प्रदान गर्ने ।

१०.भविष्यमा अन्य लघुवित्त प्राप्ती गर्ने प्रयोजनार्थ अन्य उपयुक्त लघुवित्त वित्तीय संस्थाहरुसँग प्राप्ती सम्बन्धी सम्झौतापत्र तर्जुमा गर्ने, DDA गर्ने र प्राप्ती सम्बन्धी आवश्यक अन्य सम्पूर्ण प्रक्रिया पुरा गर्न/गराउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

११.उपरोक्त बमोजिमका विशेष प्रस्तावहरुमा नियमनकारी निकायहरु नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायतबाट स्वीकृत लिने, अभिलेख गर्ने क्रममा कुनै विषयमा संशोधन एवं परिवर्तन गर्न निर्देशन भएमा सो समेत मिलाई संशोधन एवं परिवर्तन गर्ने लगायत अन्य सम्पूर्ण कार्य गर्न गराउन संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

ग) विविध प्रस्तावः

३. सभाको प्रारम्भ :

मिति २०७८ साल मंसिर २२ गते बसेको सञ्चालक समितिको बैठक नं ७/०७८/०७९ को निर्णयबाट प्रस्ताव गरिए बमोजिम दशौं बार्षिक साधारण सभामा छलफलको लागि उल्लेखित प्रस्तावहरुं निर्णयार्थ पेश गरिएको ब्यहोरा सभालाई कम्पनी सचिव श्री प्रमेश आचार्य मार्फत जानकारी गराउनु भयो ।

४. प्रतिवेदन प्रस्तुत :

सभामा निर्णयार्थ प्रस्तुत गरिएका उपरोक्त विषयहरुको सन्दर्भमा सभाका अध्यक्ष श्री बिन्दीया श्रेष्ठ प्रधानले सभामा स्वयं तथा भर्चुअल माध्यमबाट उपस्थित शेयरधनी एवं आमन्त्रित महानुभावहरुलाई स्वागत अभिवादन गर्दै सर्वप्रथम आफ्नो मन्तव्यका साथ सञ्चालक समितिको तर्फबाट आ.व.२०७७/०७८ को लेखापरीक्षकको प्रतिवेदन, वासलात, २०७७ श्रावण १ गते देखि २०७८ आषाढ मसान्त सम्मको नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण तथा सम्बन्धित अनुसूचीहरु सहितको वित्तीय विवरण आदि सहितको बार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्नु भयो ।

५. प्रस्तुत प्रतिवेदन उपर सभामा उपस्थित शेयरधनीहरु श्री ज्ञानेन्द्र मास्के, श्री राम गोपाल महर्जन, श्री सिताराम शिबञ्जर, श्री सुन्दर खड्का, श्री अच्युत राज शर्मा सापकोटा, श्री कृष्ण प्रसाद भट्टराई र श्री चुडामणी वाग्लेले वित्तीय संस्थाको विविध पक्षमा आ-आफ्नो राय, सुझाव, मन्तब्य एवं जिज्ञासा राख्नु भयो ।

जवाफ :

शेयरधनीहरुबाट उठाईएका जिज्ञाशाहरुको सम्बन्धमा सभाकी अध्यक्ष श्री बिन्दीया श्रेष्ठ प्रधान, स्वतन्त्र सञ्चालक डा.भरत सिंह थापा तथा संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री प्रमेश आचार्यले जवाफ प्रस्तुत गर्नुभयो । साथै, शेयरधनीहरुले सभा समक्ष राख्नु भएका राय, सुझावको लागि धन्यवाद ब्यक्त गर्दै प्राप्त उपयोगी राय, सुझावहरुलाई आगामी दिनमा सुधार तथा कार्यान्वयन गर्दै लगिने ब्यहोरा सभा समक्ष राख्नु भयो ।

६. सभाबाट भएका निर्णयहरु :

क. सामान्य प्रस्तावहरु :

१.सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व. २०७७।०७८ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

सभामा छलफल भई सर्वसम्मतिबाट पारित भयो ।

२.लेखापरीक्षकको प्रतिवेदन सहितको २०७८ आषाढ मसान्तको वासलात, २०७७ श्रावण १ गते देखि २०७८ आषाढ मसान्त सम्मको नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण तथा सम्बन्धित अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।

लेखापरीक्षकको प्रतिवेदन सहितको २०७८ आषाढ मसान्तको वासलात, २०७७ श्रावण १ गते देखि २०७८ आषाढ मसान्तसम्मको नाफा नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण तथा सम्बन्धित अनुसूचीहरु पारित गर्ने सम्बन्धी प्रस्ताव सभामा प्रस्तुत भएपछि उपस्थित शेयरधनी महानुभावहरुबाट सर्वसम्मतिबाट पारित भयो ।

३.कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०७८/७९ को लागि लेखापरीक्षण समितिको सिफारिसमा लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने ।

आर्थिक वर्ष २०७८/७९ का लागि लेखापरीक्षण गर्न लेखापरीक्षण समितिबाट सिफारिस भएको श्री पि.जे.पि.एन.एण्ड कम्पनी चार्टर्ड एकाउण्टेण्टस्, काठमाण्डौंलाई नियुक्ती गर्ने तथा निजलाई लेखापरीक्षण शुल्क रु. १,९५,०००।- (अक्षरेपी एक लाख पन्चानब्बे हजार मात्र) मु.अ.कर वाहेक प्रदान गर्ने तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य खर्च निजले प्रस्ताव गरेको विवरणमा आधारित भई भुक्तानी गर्ने निर्णय सर्वसम्मतिबाट पारित भयो । साथै, साविक ग्रामीण स्वयंसेवक लघुवित्त वित्तीय संस्थाको आ.व. २०७७/७८ को (२०७७।४।१ देखि २०७७।१२।०२ सम्म) लेखापरीक्षण गर्न श्री यु बज्राचार्य एण्ड एसोसियट्स, चार्टर्ड एकाउण्टेटस, काठमाण्डौंलाई सञ्चालक समितिले गरेको नियुक्तीको समर्थन गर्दै सभाबाट सर्वसम्मतीले पारित भयो ।

(ख) विशेष प्रस्तावहरु:

१.सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम २०७८ असार मसान्तमा कायम चुक्ता पूँजी रु ४१,१९,४४,४००।- को २० प्रतिशतले हुने रकम रु.८,२३,८८,८८०।-(अक्षरुपी आठ करोड तेईस लाख अठासी हजार आठ सय असी) बोनस शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने तथा बोनस शेयरलाई जारी पूँजी तथा चुक्ता पूँजीमा बृद्धि गरी प्रबन्ध पत्र तथा नियमावलीमा संशोधन गर्ने विशेष प्रस्ताव स्वीकृत गर्ने ।

सभामा प्रस्तुत भएको सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम २०७८ असार मसान्तमा कायम चुक्ता पूँजी रु.४१,१९,४४,४००।- को २० प्रतिशतले हुने रकम रु.८,२३,८८,८८०।-( अक्षरुपी आठ करोड तेईस लाख अठासी हजार आठ सय असी) बोनस शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने तथा बोनस शेयरलाई जारी पूँजी तथा चुक्ता पूँजीमा बृद्धि गरी तपसिल बमोजिम प्रबन्ध पत्र तथा नियमावलीमा संशोधन गर्ने विशेष प्रस्तावलाई सभावाट सर्व सम्मतिले स्वीकृत गरी पारित भयो ।

प्रबन्ध पत्र तर्फको संशोधन

दफा ६ (ख): वित्तीय संस्थाको जारी पूँजी रु ४९,४३,३३,२८०।- (अक्षरेपी उनन्पचास करोड त्रिचालिस लाख तेत्तीस हजार दुई सय असी मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु १००।- दरका ४९,४३,३३२।८० (उनन्पचास लाख त्रिचालिस हजार तिन सय बत्तिस दशमलब असी) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

दफा ६ (ग) : वित्तीय संस्थाको चुक्ता पूँजी रु ४९,४३,३३,२८०।- (अक्षरेपी उनन्पचास करोड त्रिचालिस लाख तेत्तीस हजार दुई सय असी मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु १००।- दरका ४९,४३,३३२।८० (उनन्पचास लाख त्रिचालिस हजार तिन सय बत्तिस दशमलब असी) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

२.वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड र सूर्योदय लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभ्ने/गाभिने सम्बन्धमा सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड र सूर्योदय लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभ्ने/गाभिने सम्बन्धमा सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले सभामा प्रस्तुत गर्नु भएको प्रतिवेदन सर्वसम्मतिबाट पारित भयो ।

३.वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड र सूर्योदय लघुवित्त वित्तीय संस्था लिमिटेड गाभ्ने/गाभिने (मर्जर) प्रयोजनको लागि मुल्यांकनकर्ताबाट प्राप्त गाभ्ने तथा गाभिने संस्थाको चल अचल सम्पत्ति र दायित्व मुल्यांकन प्रतिवेदन **(Due Deligence Audit-DDA)** समेतको आधारमा मर्जर समितिबाट निर्धारण गरिएको १:१ को (एक शेयर बराबर एक शेयर) शेयर आदान प्रदान अनुपात **(Share Swap Ratio)** लाई पारित गरी मर्जरलाई स्वीकृती प्रदान गर्ने र सो सम्बन्धमा देहाय बमोजिमको प्रस्तावलाई स्वीकृति प्रदान गर्ने ।

(क)वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड र सूर्योदय लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभ्ने/गाभिने (मर्जर) प्रयोजनको लागि व्यवसायिक योजना तथा प्रक्षेपण (**Business Plan and Projection**), चल अचल सम्पत्ति र दायित्व मुल्यांकन प्रतिवेदन (**Due Deligence Audit-DDA**) गर्न नियुक्त लेखापरीक्षक (**DDA** मुल्यांकनकर्ता) को नियुक्ती तथा पारिश्रमिकलाई अनुमोदन गर्ने ।

(ख)वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड र सूर्योदय लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभिए पछि गठन हुने संचालक समितिमा यस वित्तीय संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने संचालकहरुको निर्णय गर्ने संचालक समितिको निर्णयलाई अनुमोदन गर्ने तथा सूर्योदय लघुवित्त वित्तीय संस्थाबाट चयन हुने संचालकलाई पदस्थापन गर्ने एवं अनुमोदन गर्ने अधिकार संचालक समितिलाई प्रत्यायोजन गर्ने ।

(ग)सञ्चालकको कार्यकाल सम्बन्धमा ।

(घ)वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड र सूर्योदय लघुवित्त वित्तीय संस्था लिमिटेड गाभ्ने/गाभिने (मर्जर) कार्य पश्चात हुने संस्थाको नाम,ठेगाना, अधिकृत पूँजी, जारी पूँजी, चुक्ता पूँजी, शेयर संरचना लगायतमा परिवर्तन हुने भएकोले सो बमोजिम हुने गरी प्रबन्धपत्र र नियमावलीको तीन महलेमा उल्लेख भए अनुसारको आवश्यक दफा तथा नियम संशोधन/परिमार्जन गर्ने तथा पारित प्रस्ताव नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती लिने र अभिलेख गर्ने क्रममा आवश्यक थपघट संशोधन वा परिमार्जन गर्नु परेमा सो गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड र सूर्योदय लघुवित्त वित्तीय संस्था लिमिटेड गाभ्ने/गाभिने (मर्जर) प्रयोजनको लागि मुल्यांकनकर्ताबाट प्राप्त गाभ्ने तथा गाभिने संस्थाको चल अचल सम्पत्ति र दायित्व मुल्यांकन प्रतिवेदन (Due Deligence Audit-DDA) समेतको आधारमा निर्धारण गरिएको शेयर आदान प्रदान अनुपात (Share Swap Ratio) लाई पारित गरी मर्जरलाई स्वीकृति प्रदान गर्ने सम्बन्धमा संयुक्त मर्जर समितिको निर्णय अनुसार नियुक्त भएका लेखापरीक्षक श्री विवेक श्रेष्ठ एण्ड एसोसियटस्,चार्टर्ड एकाउण्टेण्ट्सले पेश गरेको चल अचल सम्पत्ति र दायित्व मुल्यांकन प्रतिवेदन (Due Deligence Audit-DDA) अनुसार शेयर अनुपात सूर्योदय लघुवित्त वित्तीय संस्था को १ बराबर वोमी लघुवित्त वित्तीय संस्थाको ०.९९५९ आएको हुँदा नियम अनुसार थप गरी १:१ शेयर स्वाप अनुपात कायम गर्ने विशेष प्रस्ताव सभाको सर्व सम्मतिबाट पारित भयो । मर्जरलाई स्वीकृति प्रदान गर्ने र सो सम्बन्धमा देहाय बमोजिमका निर्णयहरु सभाबाट पारित भयो ।

(क) वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड र सूर्योदय लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभ्ने/गाभिने (मर्जर) प्रयोजनको लागि व्यवसायिक योजना तथा प्रक्षेपण (Business Plan and Projection), चल अचल सम्पत्ति र दायित्व मुल्यांकन प्रतिवेदन (Due Deligence Audit-DDA) गर्न नियुक्त भएका लेखापरीक्षक (DDA मुल्यांकनकर्ता) श्री विवेक श्रेष्ठ एण्ड एसोसियटस्,चार्टर्ड एकाउण्टेण्ट्सको नियुक्ती तथा पारिश्रमिक रु २००,०००।- (अक्षरुपी दुई लाख मात्र) अनुमोदन गर्ने प्रस्ताव सभाबाट सर्वसम्मतिले पारित भयो ।

(ख) वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड र सूर्योदय लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभिए पछि गठन हुने सञ्चालक समितिमा यस वित्तीय संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालकहरुको निर्णय गर्ने सञ्चालक समितिको निर्णयलाई अनुमोदन गर्ने तथा सूर्योदय लघुवित्त वित्तीय संस्थाबाट चयन हुने सञ्चालकलाई पदस्थापन गर्ने एवं अनुमोदन गर्ने अधिकार सञ्चालक समितिलाई प्रत्यायोजन गर्ने सम्बन्धमा सभामा प्रस्तुत भएको विशेष प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

(ग) सञ्चालकको कार्यकाल सम्बन्धमा नेपाल राष्ट्र बैंकले जारी गरेको निर्देशन बमोजिम मर्जरमा सहभागी लघुवित्त वित्तीय संस्थालाई सहुलियत प्रदान भए अनुरुप यस वित्तीय संस्थाका सञ्चालक समितिका पदाधिकारी पदबाट हटेको कम्तीमा ६ महिना ब्यतित नभई इजाजतपत्र प्राप्त अन्य संस्थामा सञ्चालक वा कुनै पनि हैसियतमा काम गर्न नपाउने विधमान प्रावधान लागु नहुने व्यवस्था कायम गर्न सभामा प्रस्तुत भएको विशेष प्रस्तावलाई सर्वसम्मतिबाट पारित गरियो ।

(घ) वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड र सूर्योदय लघुवित्त वित्तीय संस्था लिमिटेड गाभ्ने/गाभिने (मजर्र) कार्य पश्चात हुने संस्थाको नाम, ठेगाना, अधिकृत पूँजी, जारी पूँजी, चुक्ता पूँजी, शेयर संरचना लगायतमा परिवर्तन हुने भएकोले सो बमोजिम हुने गरी देहाय बमोजिमका प्रबन्धपत्र र नियमावलीको तीन महलेमा उल्लेख भए अनुसारको आवश्यक दफा तथा नियम संशोधन/परिमार्जन गर्ने तथा पारित प्रस्ताव नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती लिने र अभिलेख गर्ने क्रममा आवश्यक थपघट संशोधन वा परिमार्जन गर्नु परेमा सो गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने गरी सभाबाट पारित भयो ।

प्रबन्धपत्र तर्फको संशोधन

दफा (१): कम्पनीको नाम : यस कम्पनीको नाम "सूर्योदय वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड" हुनेछ । यसलाई अंग्रेजीमा Suryodaya Womi Laghubitta Bittiya Sanstha Limited भनिनेछ र जसलाई यसपछि "वित्तीय संस्था" भनिएको छ ।

दफा २(१): वित्तीय संस्थाको केन्द्रीय कार्यालय वाग्मती प्रदेश काभ्रेपलाञ्चोक जिल्ला बनेपा नगरपालिका वडा नं. १३, साँगामा रहनेछ । मर्जर गर्ने प्रयोजनका लागि गरिएको सहमति बमोजिम हुने गरी मर्जर पश्चात् नेपाल राष्ट्र बैंकको स्वीकृति लिई वित्तीय संस्थाको कर्पोरेट कार्यालय काठमाण्डौं र ललितपुर महानगरपालिका वाहेक काठमाण्डौं उपत्यकाको अन्य स्थानमा स्थानान्तरण गर्ने सम्बन्धमा सञ्चालक समितिले निर्णय गरे बमोजिम कायम गरिनेछ ।

दफा ६ (क): वित्तीय संस्थाको अधिकृत पूँजी रु १,००,००,००,०००।- (अक्षरेपी एक अर्ब मात्र) हुनेछ । सो पूँजीलाई रु १०० दरका १,००,००,००० (एक करोड) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

दफा ६ (ख) : वित्तीय संस्थाको जारी पूँजी रु ७९,१९,८४,७९०।- (अक्षरेपी उनासी करोड उन्नाईस लाख चौरासी हजार सात सय नब्बे मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु १००।- दरका ७९,१९,८४७९० (उनासी लाख उन्नाईस हजार आठ सय सत्चालिस दशमलव नब्बे) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

दफा ६ (ग): वित्तीय संस्थाको चुक्ता पूँजी रु.७९,१९,८४,७९०।- (अक्षरेपी उनासी करोड उन्नाईस लाख चौरासी हजार सात सय नब्बे मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु १००।- दरका ७९,१९,८४७९० (उनासी लाख उन्नाईस हजार आठ सय सत्चालिस दशमलव नब्बे) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

दफा ६ (घ): संस्थापक समुह तथा सर्वसाधारण समुहको सेयर स्वामित्व जारी पुँजीको क्रमशः ७०.३६ प्रतिशत तथा २९.६४ प्रतिशत हुनेछ ।

नियमावली तर्फको संशोधन

नियम १ : कम्पनीको नाम : यस कम्पनीको नाम "सूर्योदय वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड" हुनेछ । यसलाई अंग्रेजीमा Suryodaya Womi Laghubitta Bittiya Sanstha Limited भनिनेछ र जसलाई यसपछि "वित्तीय संस्था" भनिएको छ ।

नियम २ (१) : वित्तीय संस्थाको केन्द्रीय कार्यालय वाग्मती प्रदेश काभ्रेपलाञ्चोक जिल्ला बनेपा नगरपालिका वडा नं. १३, साँगामा रहनेछ । मर्जर गर्ने प्रयोजनका लागि गरिएको सहमति बमोजिम हुने गरी मर्जर पश्चात् नेपाल राष्ट्र बैंकको स्वीकृति लिई वित्तीय संस्थाको कर्पोरेट कार्यालय काठमाण्डौं र ललितपुर महानगरपालिका वाहेक काठमाण्डौं उपत्यकाको अन्य स्थानमा स्थानान्तरण गर्ने सम्बन्धमा सञ्चालक समितिले निर्णय गरे बमोजिम कायम गरिनेछ ।

नियम ३ (घ): "वित्तीय संस्था" भन्नाले सूर्योदय वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड सम्झनु पर्छ ।

नियम ७ (२) (क) : संस्थापक शेयरधनीहरुको सेयर स्वामित्व जारी पुँजीको ७०.३६ प्रतिशत हुनेछ ।

नियम ७ (२) (ख) : सर्वसाधारण समुहको सेयर स्वामित्व २९.६४ प्रतिशत हुनेछ ।

उपरोक्त बमोजिम पारित प्रस्तावहरुमा नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय लगायतका अन्य नियामक निकायबाट स्वीकृति लिने र अभिलेख गर्ने क्रममा आवश्यक थपघट, संशोधन वा परिमार्जन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सर्वसम्मतिबाट पारित भयो ।

४. बोनस शेयर वितरण तथा सूर्योदय लघुवित्त गाभिए पश्चात बृद्धि हुने जारी पूँजी र चुक्ता पूँजी आवश्यकतानुसारको समयमा संस्थाको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने तथा उक्त संशोधनहरुमा नेपाल राष्ट्र बैंक वा अन्य नियमनकारी निकायले फेरबदल गरेमा वा गर्न निर्देशन दिएमा सो अनुरुप आवश्यक संशोधन तथा परिमार्जन गर्न सञ्चालक समितिलाई अख्तियारी दिन स्वीकृत गर्ने ।

बोनस शेयर वितरण तथा सूर्योदय लघुवित्त गाभिए पश्चात् बृद्धि हुने जारी पूँजी र चुक्ता पूँजी संशोधन गर्ने पारित विशेष प्रस्तावहरुलाई आवश्यकतानुसारको भिन्न भिन्न समयमा संस्थाको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने सम्बन्धी विशेष प्रस्ताव सभावाट सर्वसम्मतिले पारित भयो । साथै, संस्थाको केन्द्रीय कार्यालय स्थानान्तरण गर्ने पूर्ववत निर्णयलाई सभाले देहाय बमोजिम प्रबन्ध पत्र तथा नियमावलीका दफा र नियममा संशोधन गर्ने विशेष प्रस्ताव स्वीकृत गर्न सर्वसम्मतिबाट पारित भयो । उक्त संशोधनहरुमा नेपाल राष्ट्र बैंक वा अन्य नियमनकारी निकायले फेरबदल गरेमा वा गर्न निर्देशन दिएमा सो अनुरुप आवश्यक संशोधन तथा परिमार्जन गर्न सञ्चालक समितिलाई अख्तियारी दिन स्वीकृत गर्ने प्रस्तावलाई सभाबाट सर्वसम्मतिबाट पारित भयो ।

<u>प्रबन्ध पत्र तर्फ</u>

दफा २(१): वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय वागमती प्रदेश काभ्रेपलाञ्चोक जिल्ला बनेपा नगरपालिका वडा नं. १३, साँगामा रहनेछ ।

<u>नियमावली तर्फ</u>

नियम २(१): वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय वागमती प्रदेश काभ्रेपलाञ्चोक जिल्ला बनेपा नगरपालिका वडा नं. १३, साँगामा रहनेछ ।

**५. मर्जर पश्चात्को संस्थाका सञ्चालकको बैठक भत्ता तथा अन्य सुविधामा पुनरावोलकन गर्ने सम्बन्धमा ।**

सभामा प्रस्तुत भएको मर्जर पश्चात् संस्थाका सञ्चालकको बैठक भत्ता तथा अन्य सुविधामा पुनरावोलकन गर्ने प्रस्तावलाई देहाय बमोजिम हुनेगरी कम्पनीको नियमावलीको नियमहरु संशोधन गर्ने गरी सभाबाट सर्वसम्मतिले पारित भयो ।

<u>नियमावली तर्फ</u>

नियम ३२ (१) (ग) (उ): सञ्चार खर्च वापत अध्यक्षलाई रु १,०००।- र अन्य सञ्चालकलाई रु ५००।- तथा पत्र पत्रिका वापत अध्यक्ष लगायत प्रत्येक सञ्चालकलाई रु ५००।- प्रति महिना प्रदान गरिने ।

**६. वोमी लघुवित्त वित्तीय संस्था र सूर्योदय लघुवित्त वित्तीय संस्था एक आपसमा गाभिए पछि बन्ने संस्थाको नाम बमोजिम सूर्योदय वोमी लघुवित्त वित्तीय संस्थाको प्रबन्ध पत्र तथा नियमावलीको विभिन्न दफाहरु तथा नियमहरुमा आवश्यक संसोधन गर्नुपर्ने भएकोले सोको स्वीकृति गर्ने अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।**

वोमी लघुवित्त वित्तीय संस्था र सूर्योदय लघुवित्त वित्तीय संस्था एक आपसमा गाभिए पछि बन्ने संस्थाको नाम बमोजिम सूर्योदय वोमी लघुवित्त वित्तीय संस्थाको प्रबन्ध पत्र तथा नियमावलीको आवश्यक विभिन्न दफाहरु तथा नियमहरुमा आवश्यक संशोधन गर्नुपर्ने भएकोले सोको स्वीकृति गर्ने अख्तियारी सञ्चालक समितिलाई प्रदान गर्नको लागि सभामा प्रस्तुत प्रस्ताव सर्वसम्मतिबाट पारित भयो । थप संशोधन गर्नुपर्ने प्रबन्ध पत्रका दफाहरु तथा नियमावलीका नियमहरुको सम्बन्धित नियामक निकायहरुबाट स्वीकृति लिने अख्तियारी समेत सञ्चालक समितिलाई सभाको सर्वसम्मतिबाट पारित भयो ।

**७.बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने गाभिने तथा प्राप्ति सम्बन्धी विनियमावली,२०७३ बमोजिम सञ्चालक समितिको निर्वाचन सूर्योदय लघुवित्त वित्तीय संस्थालाई गाभ्ने कार्य सम्पन्न भएपछिको आगामी साधारण सभामा गर्ने सम्बन्धमा ।**

सभामा प्रस्तुत भएको बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने गाभिने तथा प्राप्ति सम्बन्धी विनियमावली, २०७३ बमोजिम सञ्चालक समितिको निर्वाचन सूर्योदय लघुवित्त वित्तीय संस्थालाई गाभ्ने कार्य सम्पन्न भएपछिको आगामी साधारण सभामा गर्ने प्रस्ताव सभाबाट सर्वसम्मतिले पारित भयो ।

**८.वित्तीय संस्थाको सञ्चालक समिति, अन्य समितिहरुको वैठकहरु, साधारणसभा लगायतका बैठक तथा सभाहरु विद्युतीय माध्यमबाट समेत गर्न सक्ने र सदस्यहरुसंग वित्तीय कारोबार गर्दा विद्युतीय कारोबार जस्तै एसएमएस बैंकिङ, मोवाईल बैकिङ, इन्टरनेट बैंकिङ आदि जस्ता कारोबार गर्ने गरी वित्तीय संस्थाको नियमावली तथा प्रबन्ध पत्रमा आवश्यक संशोधन,परिमार्जन थप ब्यवस्था कायम गर्ने ।**

वित्तीय संस्थाको सञ्चालक समिति, अन्य समितिहरुको वैठकहरु, साधारण सभा लगायतका बैठक तथा सभाहरु विद्युतीय माध्यमबाट समेत गर्न सक्ने र सदस्यहरुसंग वित्तीय कारोबार गर्दा विद्युतीय कारोबार जस्तैः एसएमएस बैंकिङ, मोवाईल बैकिङ, इन्टरनेट बैंकिङ आदि जस्ता कारोबार गर्ने गरी वित्तीय संस्थाको नियमावली तथा प्रबन्ध पत्रमा आवश्यक संशोधन,परिमार्जन थप ब्यवस्था कायम गर्ने प्रस्ताव सभाबाट सर्वसम्मतिले पारित भयो ।

<u>प्रबन्ध पत्रको दफा ५ (फ) थप गर्ने</u>

नेपाल राष्ट्र बैंकको स्वीकृति लिई इलेक्ट्रोनिक बैकिङ्ग सम्बन्धी कारोबार गर्ने ।

**९.नेपाल राष्ट्र बैंकको स्वीकृति लिई संस्थापक समुहको शेयर स्वामित्व मध्येको बढिमा १० प्रतिशत विन्दुसम्मको शेयरलाई सर्वसाधारण शेयरमा परिणत गर्ने प्रयोजनको लागि आवश्यक प्रक्रिया शुरु गर्न सञ्चालक समितिलाई आवश्यक अख्तियारी प्रदान गर्ने ।**

नेपाल राष्ट्र बैंकको स्वीकृति लिई संस्थापक समुहको शेयर स्वामित्व मध्येको बढिमा १० प्रतिशत विन्दुसम्मको शेयरलाई सर्वसाधारण शेयरमा परिणत गर्ने प्रयोजनको लागि आवश्यक प्रक्रिया शुरु गर्न सञ्चालक समितिलाई आवश्यक अख्तियारी प्रदान गर्ने प्रस्ताव सभाबाट सर्वसम्मतिले पारित भयो । संस्थापक समुहको सेयर सर्वसाधारण समुहमा परिणत गर्ने सिलसिलामा सेयर स्वामित्व संरचना परिवर्तन हुने हुँदा नेपाल राष्ट्र बैंकको स्वीकृति लिई सेयर स्वामित्व संरचना परिवर्तन गर्ने तथा सोही बमोजिम सञ्चालक समितिमा प्रतिनिधित्व गराउने गरी प्रबन्ध पत्र तथा नियमावली संशोधन गर्ने अख्तियारी सञ्चालक समितिलाई प्रदान गर्ने सभाबाट सर्वसम्मतिले पारित भयो ।

**१०.भविष्यमा अन्य लघुवित्त प्राप्ती गर्ने प्रयोजनार्थ अन्य उपयुक्त लघुवित्त वित्तीय संस्थाहरुसँग प्राप्ती सम्बन्धी सम्झौतापत्र तर्जुमा गर्ने, DDA गर्ने र प्राप्ती सम्बन्धी आवश्यक अन्य सम्पूर्ण प्रक्रिया पुरा गर्न/गराउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।**

सभामा प्रस्तुत भएको भविष्यमा अन्य लघुवित्त प्राप्ति गर्ने प्रयोजनार्थ अन्य उपयुक्त लघुवित्त वित्तीय संस्थाहरुसँग प्राप्ती सम्बन्धी सम्झौतापत्र तर्जुमा गर्ने, DDA गर्ने र प्राप्ती सम्बन्धी आवश्यक अन्य सम्पूर्ण प्रक्रिया पुरा गर्न/गराउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गने विशेष प्रस्ताव सभाको सर्वसम्मतिबाट पारित भयो ।

११.उपरोक्त बमोजिमका विशेष प्रस्तावहरुमा नियमनकारी निकायहरु नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायतबाट स्वीकृत लिने, अभिलेख गर्ने क्रममा कुनै विषयमा संशोधन एवं परिवर्तन गर्न निर्देशन भएमा सो समेत मिलाई संशोधन एवं परिवर्तन गर्ने लगायत अन्य सम्पूर्ण कार्य गर्न गराउन संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

सभामा प्रस्तुत भएको विशेष प्रस्तावहरुमा नियमनकारी निकायहरु नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायतबाट स्वीकृत लिने, अभिलेख गर्ने क्रममा कुनै विषयमा संशोधन एवं परिवर्तन गर्न निर्देशन भएमा सो समेत मिलाई संशोधन एवं परिवर्तन गर्ने लगायत अन्य सम्पूर्ण कार्य गर्न गराउन सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सभाबाट सर्वसम्मतिले पारित भयो ।

(ग) विविध प्रस्तावः

कुनै पनि प्रस्ताव पेश नभएको ।

७. सभाको समापन :

पूर्व निर्धारित विषय-सूचिहरु उपरको छलफल तथा प्रस्तुत प्रस्तावहरु पारित भएको र विविध अन्तर्गत छलफलको विषय नभएकोले सभाका अध्यक्ष श्री विन्दिया श्रेष्ठ प्रधानज्यूले सभामा उपस्थित शेयरधनी महानुभावहरु, सञ्चालकहरु, पदाधिकारीहरु तथा अन्य उपस्थित महानुभावहरुलाई धन्यबाद ज्ञापन गर्दै दशौं बार्षिक साधारण सभा समापन भएको घोषणा गर्नु भयो ।

(प्रमेश आचार्य)
कम्पनी सचिव

(विन्दीया श्रेष्ठ प्रधान)
अध्यक्ष

मिति : २०७८ साल पौष १६ गते शुक्रवार ।

२०७८ पौष १६ गते तदानुसार ३१ डिसेम्बर २०२१ का दिन सम्पन्न सूर्योदय लघुवित्त वित्तीय संस्था लिमिटेडको नवौं वार्षिक साधारण सभामा भएको काम कारवाहीको विवरण तथा निर्णयहरुको

(निर्णय पुस्तिका)

दर्ता नं. १०८११७/०६९/०७०

कम्पनी सचिवद्वारा कार्यक्रमको शुभारम्भ

१. **प्रारम्भिक :-**

सूर्योदय लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०७८ साल मंसिर २२ गते बसेको सञ्चालक समितिको १७१ औं बैठकको निर्णयानुसार कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ र संस्थाको प्रबन्धपत्र तथा नियमावली बमोजिम सञ्चालक समितिका अध्यक्ष श्री लेखनाथ खनियाको अध्यक्षतामा निम्न मिति, समय तथा स्थानमा उल्लेखित विषयहरू उपर छलफल तथा निर्णयहरु गरी देहाय बमोजिमका काम कारवाहीहरु सुसम्पन्न भयो ।

२. **साधारण सभा भएको मिति, समय र स्थान :-**

| | |
|---|---|
| मिति: | २०७८ साल पौष १६ गते शुक्रबार ( ३१ डिसेम्बर २०२१ ) का दिन |
| समय: | विहान ११:०० बजे । |
| सभा हुने स्थान : | पुतलीबजार नगरपालिका वडा नं ३ स्याङ्जा ( सहयात्री पार्टि प्यालेस गुडिखोला ) |

३. **साधारण सभाको सूचना :-**

यस वित्तीय संस्थाको मिति २०७८।०८।२२ गते बुधवार बसेको सञ्चालक समितिको १७१ बैठकको निर्णयानुसार नवौं वार्षिक साधारण सभा आज मिति २०७८/०९/१६ गते हुने गरी सभाको सुचना कम्पनी ऐन २०६३ को दफा ६७ (२) बमोजिम सो सभामा छलफल हुने विषयहरु सहितको विवरण र दफा ८४ बमेजिमको वार्षिक संक्षिप्त विवरण खुलाई आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा मिति २०७८।०८।२३ गते विहिवार र पोखरा हटलाइन राष्ट्रिय दैनिक पत्रिकामा मिति २०७८।०९।०१ गते विहिवारको दिन सूचना प्रकाशन गरिएको थियो । यसका अतिरिक्त सर्वसाधारणको जानकारीको लागि वित्तीय संस्थाको वेब साइटमा साधारण सभा सम्वन्धी सूचना र वार्षिक प्रतिवेदन राखिएको थियो भने शेयरधनी महानुभावहरुलाई साधारण सभा सम्वन्धी सूचना र वार्षिक प्रतिवेदन उपलब्ध गराइएको थियो ।

४. **सभामा प्रस्तुत छलफलका विषयहरू :-**

**क) सामान्य प्रस्तावहरू**

१) सञ्चालक समितिको तर्फबाट अध्यक्ष ज्यूको मन्तव्य सहित आर्थिक वर्ष २०७७/७८ को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

२) लेखापरीक्षकको प्रतिवेदन सहित वित्तीय संस्थाको २०७८ साल आषाढ मसान्तसम्मको वासलात हिसाब, नाफा/नोक्सान हिसाव, नगद प्रवाह विवरण र सम्वन्धित अनुसूचीहरू माथि छलफल गरी पारित गर्ने ।

३) लेखापरीक्षण समितिको सिफारिस बमोजिम यस वित्तीय संस्थाको आर्थिक वर्ष २०७८।७९ को लेखापरीक्षण कार्यको लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

Scanned with CamScanner

ख) विशेष प्रस्तावहरू:

१) सञ्चालक समितिले सिफारिस प्रस्ताव गरे बमोजिम आ.व. २०७७/२०७८ को आषाढ मसान्तमा कायम रहेको चुक्ता पुँजी रु. २४,८०,४२,९२५।०० को २० प्रतिशतले हुन आउने रकम रु.४,९६,०८,५८५। (अक्षरेपी चार करोड छयानब्बे लाख आठ हजार पाँच सय पचासी रुपैया मात्र) बराबरको बोनश शेयर जारी गर्ने प्रस्ताव स्वीकृत गर्ने । साथै बोनस शेयर जारी गर्दा दशमलवपछिको शेयर ( Fraction share ) अंकलाई पछि समायोजन गर्ने गरी यथावत् कायम राख्ने ।

२) सूर्योदय लघुवित्त वित्तीय संस्था लिमिटेड र वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभ्ने/गाभिने (मर्जर) सम्बन्धी प्रस्ताव तथा सो सम्बन्धमा सञ्चालक समितिको तर्फबाट अध्यक्ष ज्यू मार्फत प्रस्तुत प्रतिवेदन छलफल गरी पारित गर्ने ।

३) सूर्योदय लघुवित्त वित्तीय संस्था लिमिटेड र वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभ्ने/गाभिने (मर्जर) प्रयोजनका लागि चल, अचल सम्पत्ति र दायित्व मुल्यांकन (Due Diligence Audit, DDA) गर्न संयुक्त मर्जर समितिबाट लेखापरीक्षक (DDA) मुल्यांकनकर्ता नियुक्त तथा निजको पारिश्रमिक निर्धारण गरेकोमा सञ्चालक समितिको सिफारिस बमोजिम लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण सम्बन्धी निर्णयलाई अनुमोदन गर्ने । (लेखापरीक्षक श्री बिबेक श्रेष्ठ एण्ड एसोसिएट्स)

४) सूर्योदय लघुवित्त वित्तीय संस्था लिमिटेड र वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभ्ने/गाभिने प्रयोजनका लागि सम्पत्ति तथा दायित्वको मूल्यांकनकर्ता लेखापरीक्षकबाट प्राप्त गाभ्ने/गाभिने संस्थाको चल, अचल सम्पत्ति र दायित्व मुल्यांकन (Due Diligence Audit, DDA) प्रतिवेदन तथा सो समेतको आधारमा संयुक्त मर्जर समितिबाट निर्धारण गरिएको शेयर स्वाप आदान प्रदान अनुपात (Share Swap Ratio) अनुमोदन गर्ने । (शेयर आदान प्रदान अनुपात (Share Swap Ratio) एक बराबर एक ( १:१) निर्धारण गरिएको छ ।)

५) सूर्योदय लघुवित्त वित्तीय संस्था लिमिटेड र वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभ्ने/गाभिने प्रयोजनका लागि सम्पन्न सम्झौतापत्र (Agreement), सहमतिपत्र ( memorandum of Understanding (MOU), संयुक्त मर्जर समिति गठन एवं संयुक्त मर्जर समितिलाई आवश्यक कार्य गर्न सक्ने अख्तियारी प्रत्यायोजन गर्ने सञ्चालक समितिको निर्णय अनुमोदन गर्ने ।

६) सूर्योदय लघुवित्त वित्तीय संस्था लिमिटेड र वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभिए पश्चात बन्ने लघुवित्त वित्तीय संस्थाको नेपालीमा नाम **"सूर्योदय वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड"** र अंग्रेजीमा **"SURYODAYA WOMI LAGHUBITTA BITTIYA SANSTHA LIMITED "** कायम गरी सो नामबाट वित्तीय कारोबार गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

७) सूर्योदय लघुवित्त वित्तीय संस्था लिमिटेड र वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभिएपछि गठन हुने सञ्चालक समितिमा यस लघुवित्त वित्तीय संस्था लिमिटेडको तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालकहरु तोक्ने ।

८) सूर्योदय लघुवित्त वित्तीय संस्था लिमिटेडमा हाल रहेका सञ्चालक समितिका सदस्यहरुको कार्यअवधि जतिसुकै बाँकी रहेको भएता पनि गाभ्ने/गाभिने कार्य सम्पन्न भई साविक दुबै लघुवित्त वित्तीय संस्थाहरुबाट प्रतिनिधित्व रहने गरी नयाँ सञ्चालक समिति गठन भए पछि विद्यमान सञ्चालकहरुको बाँकी कार्यकाल स्वत: समाप्त भएको मानिने साथै नयाँ सञ्चालक समितिको कार्यकाल समेत गाभिएपछि बन्ने संस्थाको पहिलो वार्षिक/विशेष साधारण सभा नभएसम्म मात्र कायम रहने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

Scanned with CamScanner

१) सूर्योदय लघुवित्त वित्तीय संस्था लिमिटेड र वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभ्ने/गाभिने सिलसिलामा कुनै कार्य गर्न वा नेपाल राष्ट्र बैंक वा कम्पनी रजिष्ट्रारको कार्यालय वा अन्य नियामक निकायबाट मर्जरको अन्तिम स्वीकृति प्राप्त गर्ने सिलसिलामा कुनै निर्देशन प्राप्त भई सो अनुसार निर्णय गर्नुपर्ने भएमा वा मर्जर प्रक्रियालाई सफलतापूर्वक सम्पन्न गर्न कुनै थप निर्णय गर्नुपर्ने भएमा सो सम्बन्धी सम्पूर्ण कार्यहरु गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

१०)सूर्योदय लघुवित्त वित्तीय संस्था लिमिटेड र वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभिएपछि गाभ्ने संस्था वोमी लघुवित्त वित्तीय संस्था लिमिटेडको प्रबन्धपत्र तथा नियमावलीमा परिवर्तन हुने भएकोले परिवर्तित प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

११)सूर्योदय लघुवित्त वित्तीय संस्था लिमिटेड र वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड गाभ्ने/गाभिने (मर्जर) कार्य पश्चात् हुने संस्थाको नाम, ठेगाना, अधिकृत पुँजी जारी पुँजी, चुक्ता पुँजी, शेयर संरचना लगायतमा परिवर्तन हुने भएकोले सो बमोजिम हुने गरी प्रबन्धपत्र र नियमावलीको तीन महलेमा उल्लेख भए अनुसारको आवश्यक दफाहरु तथा नियमहरु संशोधन/परिमार्जन गर्ने तथा पारित प्रस्ताव नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती लिने र अभिलेख गर्ने क्रममा आवश्यक थपघट संशोधन वा परिमार्जन गर्नु परेमा सो गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

१२)सूर्योदय लघुवित्त वित्तीय संस्था लिमिटेड र वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभिएर बन्ने संस्था, सूर्योदय वोमी लघुवित्त वित्तीय संस्था लिमिटेडले अन्य लघुवित्त वित्तीय संस्थाहरु प्राप्ति गर्ने (Acquisition) सम्बन्धमा, उपयुक्त लघुवित्त वित्तीय संस्थाहरु खोजी गर्न, उपयुक्त संस्थालाई एक्विजिसन सम्बन्धी सहमतिपत्र (Memorandum of Understanding) तयारी गरी हस्ताक्षर गर्ने, सम्पुर्ण चल अचल सम्पति तथा दायित्व मूल्यांकन (Due Diligence Audit, DDA) गर्ने मुल्यांकन कर्ता लेखापरीक्षक नियुक्त गर्ने, निजको पारिश्रमिक तोक्ने र निजबाट संस्थाको सम्पूर्ण चल अचल सम्पति तथा दायित्व मूल्यांकन (Due Diligence Audit, DDA) गराउने तथा प्राप्ति गर्ने (Acquisition) सम्बन्धमा नियमनकारी निकायहरुसँग सहमति लिने, वा प्राप्ति गर्ने (Acquisition) सम्बन्धी कार्यको लागि प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्नुपर्ने भएमा सो समेत गर्ने लगायतका सम्पूर्ण प्रक्रिया अवलम्बन गरी प्राप्ति गर्ने (Acquisition) सम्बन्धी सम्पूर्ण कार्य गर्न सूर्योदय लघुवित्त वित्तीय संस्था लिमिटेड र वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड एकआपसमा गाभिएर बन्ने लघुवित्त वित्तीय संस्था, सूर्योदय वोमी लघुवित्त वित्तीय संस्था लिमिटेडको एकिकृत कारोबार गरे पछि गठन हुने सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

१३)प्रबन्धपत्र तथा नियमावली संशोधन उपर नेपाल राष्ट्र बैंक एवं कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृत/संशोधन अभिलेख गराउनको लागि आवश्यकता अनुसार सो मा थपघट गर्न तथा सच्याउन परेमा सो सम्बन्धी सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

१४)वित्तीय संस्थाको सञ्चालक समिति, अन्य समितिहरुको बैठकहरु, साधारण सभा लगायतका बैठक तथा सभाहरु विद्युतिय माध्यमबाट समेत गर्न सक्ने र सदस्यहरुसँग वित्तीय कारोबार गर्दा विद्युतिय कारोबार जस्तै एसएमएस बैंकिङ, मोबाइल बैंकिङ, इन्टरनेट बैंकिङ आदि जस्ता कारोबार गर्ने गरी वित्तीय संस्थाको नियमावली तथा प्रबन्धपत्रमा आवश्यक संशोधन, परिमार्जन थप व्यवस्था कायम गर्ने ।

१५) विविध ।

Scanned with CamScanner

५. सभामा उपस्थिति :

कम्पनी ऐन, २०६३ को दफा ६८ अनुरुप उपस्थित सञ्चालकहरु

क) सञ्चालक समितिका पदाधिकारीहरु

| | | |
|---|---|---|
| १) | अध्यक्ष: | श्री लेखनाथ खनिया |
| २) | सञ्चालक: | श्री अनन्त कुमार श्रेष्ठ |
| ३) | सञ्चालक: | श्री गुणाकर सापकोटा |
| ४) | सञ्चालक: | श्री एक बहादुर गोवार |
| ५) | सञ्चालक: | श्री दुर्गा बहादुर शाह |
| ६) | सञ्चालक: | श्री तारा शर्मा |

ख) पर्यवेक्षक, आमन्त्रित एवं पदाधिकारी :-

| | | |
|---|---|---|
| १) | वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत | श्री मोक्ष प्रसाद पंगेनी |
| २) | नेपाल पत्रकार महासंघका निवर्तमान जिल्ला अध्यक्ष | श्री ओम प्रकास शर्मा |
| ३) | वित्तीय संस्थामा कार्यरत विभागीय प्रमुखहरु | |
| ४) | अन्य आमन्त्रितहरु | |

ग) शेयरधनीहरुको उपस्थिति:

| | | |
|---|---|---|
| १) | कुल शेयर शेयरधनी संख्या | |
| | संस्थापक शेयरधनीहरु | १०२ जना |
| | सर्वसाधारण शेयरधनीहरु | १३३६५ जना |
| | जम्मा शेयरधनीहरु | १३४६७ जना |
| २) | कुल उपस्थिति संख्या | |
| | संस्थापक स्वयम् | ३८ जना |
| | सर्वसाधारण स्वयम् | १३ जना |
| | जम्मा उपस्थिति | ५१ जना |

६) **गणपुरक संख्या र साधारण सभा सम्बन्धमा भएका काम कारवाही सम्बन्धी कम्पनी सचिवले दिएको संक्षिप्त जानकारी ।**

क) कम्पनी ऐन २०६३ को दफा ७६ मा उल्लेख भए वमोजिम आर्थिक वर्ष पुरा भएको ६ महिना भित्र वार्षिक साधारण सभा गर्नुपर्ने प्रावधान भएकाले नवौं वार्षिक साधारण सभा समयमै सम्पन्न हुन गएको छ ।

ख) वाह्य लेखापरीक्षक ज्यूवाट आर्थिक वर्ष २०७७/७८ मा भएको कारोवारको लेखापरीक्षण गरी मिति २०७८।०७।२५ गतेमा प्रतिवेदन प्राप्त भएको थियो ।

ग) लेखापरीक्षकवाट आर्थिक वर्ष २०७७/७८ मा भएको कारोवारको लेखापरीक्षण प्रतिवेदन नेपाल राष्ट्र बैंकवाट मिति २०७८/०८/०९ गते चलानी नं.ल.वि.स.सु.वि/गैरस्थलगत/सूर्योदय /०७८/०७९/६५६ को पत्र मार्फत वित्तीय विवरण प्रकाशन तथा लाभाशं वितरणको लागि स्वीकृत प्राप्त भएको थियो ।

Scanned with CamScanner

घ) कम्पनी ऐन २०६३ बमोजिम आवश्यक दफा ५१ बमोजिमको प्रतिवेदन तयार भएको र दफा ७८ बमोजिमका आवश्यक प्रतिवेदनहरु वार्षिक साधारण सभा हुनुभन्दा २१ दिन अगावै तयार गरी कम्पनी रजिष्ट्रारको कार्यालयमा पठाउनुपर्ने प्रावधान अनुसार सो कार्य पुरा गरिएको थियो ।

ङ) बोनस शेयर वितरणको लागि कम्पनी ऐनको दफा १७९ मा साधारण सभा गर्नुभन्दा अगाडी कम्पनीमा जानकारी गर्नुपर्ने प्रावधान भए बमोजिम सो कार्य निर्देशन बमोजिम पुरा गरिएको थियो ।

च) कम्पनी ऐन २०६३ को दफा ६७ मा वार्षिक साधारण सभा सम्बन्धी जानकारी सहितको सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा २ पटक प्रकाशित गर्नुपर्ने प्रावधान अनुसार नवौं वार्षिक साधारण सभाको सूचना आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा २०७८।०८।२३ गते बिहिवार र पोखरा हटलाइन राष्ट्रिय दैनिक पत्रिकामा मिति २०७८।०९।०१ गते बिहिवार प्रकाशन गरि सबै शेयरधनीहरुलाई जानकारी गराइएको थियो ।

छ) कम्पनी ऐन २०६३ को दफा ८४ मा वार्षिक संक्षिप्त वित्तीय विवरण सम्बन्धी जानकारी सहितको सुचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरि कम्पनीमा जानकारी गर्नु पर्ने प्रावधान अनुसार आर्थिक अभियान राष्ट्रिय दैनिकमा मिति २०७८।०८।२३ गते बिहिवार प्रकाशन गरि सबै शेयरधनीहरुलाई जानकारी गराइएको थियो ।

**गणपुरक संख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ बमोजिम) :-**

| शेयर तथा शेयरधनी | जम्मा | स्वयम् उपस्थिति | प्रतिनिधी मार्फत उपस्थिति | जम्मा उपस्थित | कूल उपस्थिति प्रतिशत |
|---|---|---|---|---|---|
| शेयर संख्या | २४,८०,४२९।२५ | ९,९७,५३१।३१ | ६,३४,५९७।२८ | १६,३२,१२८।५९ | ६५।८०% |
| शेयरधनी संख्या | १३४६७ | ५१ | ३६ | ८७ | |

कम्पनी ऐन २०६३ को दफा ७४(१) मा साधारण सभाको अध्यक्षता सञ्चालक समितिको अध्यक्षले गर्नुपर्ने व्यवस्था भए बमोजिम भएको थियो ।

कम्पनी सचिवले उल्लेखित कारणहरुले यो नवौं वार्षिक साधारण सभा वैधानिक भएको घोषणा गर्दै कार्यक्रमलाई अगाडि बढाउने अनुमति माग गर्नुभएको थियो ।

## ७. सभाको कारवाही र वैधानिकता :-

सर्वप्रथम कम्पनी सचिव श्री राजेन्द्र न्यौपानेले वित्तीय संस्थाको नवौं वार्षिक साधारण सभामा सम्पूर्ण शेयरधनी महानुभावहरू तथा सञ्चालक समितिलाई संस्थाको व्यवस्थापनको तर्फबाट हार्दिक स्वागत गर्नुहुँदै आजको साधारण सभा सञ्चालनको लागि कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) तथा सूर्योदय लघुवित्त वित्तीय संस्था लिमिटेडको नियमावलीको नियम २३ ले गरेको कानूनी प्रावधान बमोजिम गणपुरक संख्या पुग्नको लागि कूल शेयर संख्याको पचास प्रतिशत भन्दा बढी आवश्यक हुने भन्ने प्रावधान भएकोले कूल शेयर संख्याको ४०।२२ प्रतिशत स्वयम् र प्रतिनिधि मार्फत कूल शेयर संख्याको २५।५८ प्रतिशत गरी कुल ६५।८० प्रतिशत शेयरको प्रतिनिधित्व सहित ८७ जना शेयरधनीहरुको उपस्थित रहेकोले गणपुरक संख्या पुगिसकेको जानकारी दिदै कम्पनी ऐन अनुसार सभा वैधानिक भएको जानकारी दिनुभयो । तत्पश्चात् कम्पनी सचिवले सभा सञ्चालनको लागि वित्तीय संस्थाका अध्यक्ष श्री लेखनाथ खनिया ज्यूलाई अनुरोध गर्नु भएको थियो ।

Scanned with CamScanner

८. **सभापतिको आसन ग्रहण :-**

साधारण सभाको सभापतित्व ग्रहण गर्नको लागि कम्पनी ऐन, २०६३ को दफा ७४(१) र वित्तीय संस्थाको नियमावलीको १९ मा भएको व्यवस्था बमोजिम सञ्चालक समितिको अध्यक्षले नै साधारण सभाको सभापतित्व ग्रहण गर्ने प्रावधान भए अनुरुप यस सूर्योदय लघुवित्त वित्तीय संस्था लिमिटेडका सञ्चालक समितिका अध्यक्ष श्री लेखनाथ खनिया ज्यूले सभापतिको आसन ग्रहण गर्नुभयो । त्यसपछि सभामा उपस्थित अन्य सञ्चालक तथा विशिष्ठ व्यक्तिहरुलाई आसन ग्रहण गराइएको थियो ।

९) **स्वागत कार्यक्रम-**

आसन ग्रहणसंगै यस वित्तीय संस्थामा कार्यरत कर्मचारीहरु श्री वैधि अर्याल र सम्झना श्रेष्ठद्वारा उपस्थित सञ्चालक समितिका पदाधिकारीहरु तथा विशिष्ठ व्यक्तिहरुलाई खादा लगाई दिएर स्वागत गर्नु भएको थियो ।

१०) **राष्ट्रिय गान, स्वागत मन्तव्य र उद्घाटन कार्यक्रम :-**

राष्ट्र र राष्ट्रियताको सम्मानको लागि कार्यक्रमको शुभारम्भमा उपस्थित सम्पुर्ण महानुभावहरुलाई राष्ट्रिय गानमा सरिक गराइएको थियो । विधिवत् रुपमा शुरु गरिएको कार्यक्रममा उपस्थित सञ्चालक समितिका पदाधिकारीहरु, शेयरधनी महानुभावहरु तथा विशिष्ट व्यक्तिहरुलाई शब्दद्वारा स्वागत गर्ने क्रममा संस्थाका सञ्चालक समितिका सदस्य श्री अनन्तकुमार श्रेष्ठ ज्यूले स्वागत मन्तव्य राख्नुभएको थियो ।

स्वागत मन्तव्यपछि कार्यक्रमका सभाध्यक्ष श्री लेखनाथ खनिया ज्यूले पानसमा बत्ती बालेर कार्यक्रमको उद्घाटन गर्नुभएको थियो । सञ्चालक समितिका पदाधिकारी र सम्पुर्ण उपस्थित महानुभावहरु उक्त कार्यक्रममा सहभागि हुनुभएको थियो ।

११) **नवौं वार्षिक साधारण सभाको प्रतिवेदन प्रस्तुति :-**

अध्यक्ष श्री लेखनाथ खनिया ज्यूले सभा समक्ष देशको आर्थिक, राजनैतिक तथा भौगोलिक अवस्था र वढ्दो प्रतिस्पर्धाको कारणले लघुवित्त क्षेत्रको चुनौती, अवसर, संस्थाको व्यवसाय विस्तारको अवस्था, राष्ट्रिय स्तरमा यस संस्थाले गरेको योगदानको चर्चा गर्दै हाल रहेका लघुवित्त संस्थाहरुमा यस संस्थाको स्थान राम्रो रहेको धारणा राख्नु भएको थियो । लगातार पाँच बर्षदेखि स्याङ्जा जिल्लावाट उत्कृष्ट करदाताको रुपमा आन्तरिक राजस्व कार्यालयवाट यस संस्था सम्मानित हुनु गर्वको विषय रहेको जानकारी गराउँदै विगत दुई वर्ष विश्वभर फैलिएको कोभिड–१९ को महामारीका कारण संसारभरको अर्थतन्त्रमा परेको असरको बारेमा चर्चा गर्नुभयो । उहाँले नेपाल जस्तो देशमा यस महामारीका कारण भएको लकडाउनले देशको अर्थतन्त्रमा भारी गिरावट आएको कुरा वताउनु भएको थियो । उहाँले हाल देशको अर्थतन्त्रमा लगानी योग्य रकमको अभाव बढेकाले विभिन्न बैंक तथा वित्तीय संस्थावाट आफ्ना ग्राहक सदस्यलाई लगानीका लागि चाहिने रकम अभावका कारण प्राप्त गर्न नसकि लगानी रोक्न पर्ने सम्मको परिस्थितिको सामना गर्नु परिरहेको जानकारी गराउनु भयो । साथै रकम अभावका कारण विभिन्न बैंक तथा वित्तीय संस्थावाट कर्जा सापट लिंदा ब्याजदर महङ्गो पर्न जानुका साथै विगतमा लिएका कर्जा सापटमा समेत धमाधम ब्याज बढेकाले यस वित्तीय संस्थाको कोषको लागत बढी पर्न गई वित्तीय संस्थाको नाफामा समेत असर गरिरहेको जानकरी समेत गराउनु भयो । मिति २०७७।०४।२२ गतेमा राष्ट्रियस्तरको मान्यता पाएको यस वित्तीय संस्थाको हाल नेपाल अधिराज्यभर ३७ जिल्लामा १०२ शाखा सञ्जाल रहेको जानकारी गराउनु भएको थियो । उहाँले शाखा सञ्जाल विस्तारसंगै व्यवसायमा वृद्धि भैरहेको तर पुँजि कोषमा दवाव परेको जानकारी गराउनु भयो । गत वर्षको साधारण सभाले मर्जरमा जानका लागि दिएको जनादेश अनुसार मिति २०७८।०५।१५ गतेका दिन यस वित्तीय संस्था र वोमी लघुवित्त वित्तीय संस्था विच मर्जर सम्बन्धमा MOU Memorendum of Understanding भएको र मिति २०७८।०७।०१ मा नेपाल राष्ट्र बैंकबाट प्रारम्भिक सहमति प्राप्त भएको र यस साधारण सभाले स्वीकृती दिएमा अन्तिम सम्झौता गरि एकिकृत कारोवारको स्वीकृतीका लागि नेपाल राष्ट्र बैंकमा पेश

Scanned with CamScanner

गर्ने जानकारी गराउनु भयो । उहाँले नेपाल राष्ट्र बैंकबाट स्वीकृत प्राप्त भएपछि एकिकृत कारोबार सुरु गरिने जानकारी गराउनु भयो । यस मर्जर पश्चात यो संस्था एक सवल,सक्षम वित्तीय संस्था बनी दिगो रुपमा अगाडी बढ्ने जिकिर गर्नुभयो । लाभिसावित्तीय संस्थाको खोजि गरी फेरी पनि मर्जरमा जान पर्न सक्ने भन्ने जानकारी गराउनु भयो । उहाँले आ.व २०७७/७८ को प्रतिवेदन प्रस्तुत गर्नुका साथै, यस मर्जर पश्चात बन्ने वित्तीय संस्थाको अवस्थाको बारेमा समेत जानकारी गराउनु भएको थियो । व्यवसायिक उद्देश्य प्राप्तिका साथै सामाजिक उत्तरदायित्व समेत वहन गर्नुपर्ने कुरा सभा समक्ष जानकारी गराउनु भयो । कार्यक्रमलाई उद्देश्य अनुरुप बनाई अझ प्रभावकारी रुपमा अगाडि बढाउने धारणा राख्दै अन्त्यमा वित्तीय संस्थालाई वर्तमान अवस्थासम्म ल्याउन सहयोग पुऱ्याउने सबै शेयरधनी, सञ्चालक समिति, व्यवस्थापन समूह तथा कर्मचारीहरु र ग्राहक वर्गलाई धन्यवाद प्रदान गर्दै आगामी दिनहरुमा पनि सदा झैं सबैको सहयोग र शुभेच्छा प्राप्त हुने विश्वास प्रकट गर्नुभयो । ततपश्चात छलफलका विषयहरुमा आ-आफ्नो विचार क्रमबद्ध रुपमा प्रकट गर्नुहुन शेयरधनी महानुभावहरूलाई अनुरोध गर्नुभयो ।

१२. **छलफलमा विचार प्रकट गर्नुहुने शेयरधनीहरू :-**

छलफलमा शेयरधनी महानुभावहरुले व्यक्त गर्नुभएको मन्तव्य, राय तथा सुझावहरुको मुलभूत आसयहरु निम्न बमोजिम रहेका छन् :-

**क) शेयरधनीहरु**

१) श्री लक्ष्मण भण्डारी

२) श्री राजेन्द्र बहादुर गोदार

संस्थापक शेयरधनी श्री लक्ष्मण भण्डारी ज्युले हाल राष्ट्रियस्तरको मान्यता पाएको, देशभरी १०२ वटा शाखा सञ्जाल भएको तथा लगानीकर्तालाई पनि राम्रो प्रतिफल दिइरहेको अवस्थामा फेरी किन मर्जरमा जान लागिएको हो ? के यो आवश्यक छ ? भनि जिज्ञासा राख्नु भएको थियो ।

त्यस्तै संस्थापक शेयरधनी श्री राजेन्द्र बहादुर गोदारले वोमी लघुवित्त वित्तीय संस्थासंग मर्जरमा जाने क्रममा मर्जर पछि वित्तीय संस्थाको नाम सूर्योदय लघुवित्त वित्तीय संस्था लिमिटेड मात्र राख्न सकिदैनथ्यो ? भनि जिज्ञासा राख्नु भएको थियो ।

१३. **वित्तीय संस्थाको तर्फबाट प्रस्तुत भएको जवाफ :-**

अध्यक्षको अनुमती लिई प्रमुख कार्यकारी अधिकृत श्री मोक्ष प्रसाद पंगेनीले यस आर्थिक वर्षको मंसिर महिना सम्मको दुवै सूर्योदय र वोमी लघुवित्त वित्तीय संस्थाको हालको स्थिति र मर्जर पश्चात बन्ने सूर्योदय वोमी लघुवित्त वित्तीय संस्थाको लघुवित्त क्षेत्रमा विभिन्न शिर्षकमा हुने उपस्थितिको चर्चा गर्नुभयो । वहाँले छलफलको क्रममा शेयरधनी महानुभावहरूले प्रस्तुत गर्नुभएका जिज्ञासा तथा प्रश्नहरूको जवाफ दिने क्रममा राष्ट्रियस्तरको वित्तीय संस्था भएको, शाखा सञ्जाल पनि ठुलो भएको र वित्तीय संस्थाले कर्जा लगानी पनि लक्षित योजना भन्दा वढी गरको छ । तर पुँजिकोष पर्याप्त नहुँदा हाल लगानी रोक्न परिरहेको छ । यदि मर्जरमा नजाने हो भने वित्तीय संस्थाको व्यवसाय विस्तार गर्न नसकिने हुन्छ । वोमी लघुवित्तको पुँजिकोष पर्याप्त भएकोले व्यवसाय विस्तारमा समस्या नपर्ने साथै उस्तै खालका दुई वित्तीय संस्था मर्जर भएमा लघुवित्तको क्षेत्रमा एउटा सशक्त लघुवित्तको रुपमा स्थापित हुने जसले लगानीकर्ताको लगानी पनि सुनिश्चित हुने देखिएकोले मर्जरमा जान लागिएको जानकारी गराउनु भयो । उहाँले मर्जर पश्चात सूर्योदय नाम किन राखिएन भन्ने जिज्ञासामा वोमी लघुवित्त सूर्योदय लघुवित्त भन्दा पुरानो संस्था रहेको तथा वोमीका सदस्य संख्या सूर्योदयको भन्दा बढी रहेको साथै दुवै तर्फका ग्राहक सदस्यलाई पनि अपनत्व महसुस होस् भन्नका लागि दुवै वित्तीय संस्थाको नाम जोडी मर्जर पश्चात वन्ने वित्तीय संस्थाको नाम राखिएको जानकारी गराउनु भयो । साथै उहाँले मर्जर पश्चातको नाम

Scanned with CamScanner

राख्दा पनि अगाडी सूर्योदयनै राखिएको जानकारी समेत गराउनु भयो । साथै उहाँले रचनात्मक सुझाव प्रति आभार प्रकट गर्नुभएको थियो ।

ग) यस वर्षको मंसिर मशान्तसम्ममा भएको प्रगती विश्लेषण

| क.सं. | विवरण | २०७८ मंसिर मसान्तसम्मको विवरण |
|---|---|---|
| १ | शाखा संख्या | १०२ |
| २ | कर्मचारी संख्या | ४४० |
| ३ | कूल ग्राहक सदस्य संख्या | ८२९९,८ |
| ४ | कूल ऋणी संख्या | ४२१८३ |
| ५ | कूल बचत रकम | १६६०३७३५९४ |
| ६ | कूल लगानी रकम | १६४४७९६१९१२ |
| ७ | कूल असुली रकम | ११४०४३१५९४० |
| ८ | कूल लगानीमा रहको कर्जा रकम | ५०४३६४५९७१ |
| ९ | बैंक तथा वित्तीय संस्थासंग लिएको कर्जा रकम | ३२४४६७६५४५ |
| १० | कूल व्याज आम्दानी रकम | २६१४८०६१० |
| ११ | कर्जा जोखिम व्यहोर्ने खर्चमा कमी | १६५६०५७७ |
| १२ | अन्य आम्दानी रकम | ५११५६७७१ |
| १३ | कूल आम्दानी | ३२९११९७९५८ |
| १४ | ब्याज खर्च रकम | १३६८६४६४९ |
| १५ | सञ्चालन खर्च रकम | ११२५७२२१७ |
| १६ | कर्जा जोखिम व्यहोर्ने खर्च रकम | ० |
| १७ | कूल खर्च | २४९४३६८६७ |
| १८ | नाफा । नोक्सान रकम | ७९७६१०९२ |
| १९ | कर्मचारी बोनस रकम | ७९७६१०९ |
| २० | आयकर रकम | २१५३५४९५ |
| २१ | खुद नाफा रकम | ५०२४९४८८ |
| २२ | शेयर पुँजी बोनश शेयर समायोजन गर्दा | २९७६५१५१० |
| २३ | कूल शेयर संख्या बोनश शेयरलाई समायोजन गर्दा | २९७६५१५ |
| २४ | प्रतिशेयर आम्दानी ५ महिनाको | १६.८८ |
| २५ | प्रतिशेयर आम्दानी वार्षिकीकरण गर्दा | ४०.५२ |

१४. <u>अध्यक्षबाट प्रस्तावहरु पारित गर्नको लागि गरिएको अनुरोध</u> :-

आजको सभामा शेयरधनी महानुभावहरुले दिनुभएको अमूल्य सुझाव, सल्लाहलाई वित्तीय संस्थाले उच्च प्राथमिकतामा राखी कार्यान्वयन गर्दै जाने प्रतिबद्धता व्यक्त गर्दै यस सभामा प्रस्तुत प्रस्तावहरुलाई क्रमशः पारित गरिदिनुहुन अध्यक्ष ज्यूले अनुरोध गर्नुभयो ।

अध्यक्षको अनुरोध अनुसार क्रमशः प्रस्तावहरुमा सहमती जनाउँदै सम्पूर्ण शेयरधनी महानुभावहरुले कर्कल ध्वनीमतबाट ताली बजाई प्रस्तावहरु पारित गर्नुभएको थियो ।

**स्वीकृत भएका प्रस्तावहरुः**

**क) सामान्य प्रस्तावहरू**

१) सञ्चालक समितिको तर्फबाट अध्यक्ष ज्यूको मन्तव्य सहित आर्थिक वर्ष २०७७/७८ को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने प्रस्ताव निर्णयार्थ पेश हुँदा सभामा उपस्थित शेयरधनीहरुबाट सर्वसम्मतिले पारित गरियो ।

Scanned with CamScanner

२) लेखापरीक्षकको प्रतिवेदन सहित वित्तीय संस्थाको २०७८ साल आषाढ मसान्तसम्मको वासलात हिसाव, नाफा/नोक्सान हिसाव, नगद प्रवाह विवरण र सम्बन्धित अनुसूचीहरू माथि छलफल गरी पारित गर्ने प्रस्ताव निर्णयार्थ पेश हुँदा सभामा उपस्थित सम्पुर्ण शेयरधनीहरुवाट सर्वसम्मतिले पारित गरियो ।

३) लेखापरीक्षण समितिको सिफारिस बमोजिम यस वित्तीय संस्थाको आर्थिक वर्ष २०७८।७९ को एकिकृत कारोवार सुरु हुनु भन्दा अघिल्लो दिनसम्मको लेखापरीक्षण कार्यको लागि कम्पनी ऐन ०६३ को दफा १११ को (३) बमोजिम नेपाल चार्टर्ड एकाउन्टेन्ट संस्थाको सदस्यता नं. १३६० प्राप्त गरेको खतिवडा दिपेश एण्ड एसोसिएट्स चार्टर्ड एकाउन्टेन्टस् (एकलौटी फर्म) लेखा व्यवसायी संस्थाले चालु आर्थिक वर्ष २०७८।०७९ को (सुर्योदय लघुवित्त वित्तीय संस्था र वोमि लघुवित्त वित्तीय संस्था गाभिएर एकिकृत कारोवार गर्नुपूर्वको) लेखापरीक्षणको लागि योग्य देखिएकोले निजले नियमित र कर लेखापरीक्षण समेत कार्य गर्नेगरी नियमानुसार लाग्ने १३ प्रतिशत कर समेत समावेश गरी कूल रकम रु.८०,०००।०० तथा लेखापरीक्षण गर्दा लाग्ने प्रतिदिन प्रतिव्यक्तिको लागि दैनिक भ्रमण भत्ता तथा लजिङ्ग खर्च एकमुष्ठ रु.२,०००।०० र आते जाते गाडीभाडा लागे अनुसार उपलब्ध गराउने गरी नियुक्ति गर्ने सम्वन्धी प्रस्ताव निर्णयार्थ पेश हुँदा सभामा उपस्थित सम्पुर्ण शेयरधनीहरुले सर्वसम्मतीवाट पारित गरियो ।

**ख) विशेष प्रस्तावहरू:**

१) सञ्चालक समितिले सिफारिस प्रस्ताव गरे बमोजिम आ.व. २०७७/२०७८ को आषाढ मसान्तमा कायम रहेको चुक्ता पुंजी रु. २४,८०,४२,९२५।०० को २० प्रतिशतले हुन आउने रकम रु.४,९६,०८,५८५। (अक्षरेपी चार करोड छयानब्बे लाख आठ हजार पाँच सय पचासी रुपैया मात्र) बराबरको वोनश शेयर जारी गर्ने प्रस्ताव निर्णयार्थ पेश हुँदा सभामा उपस्थित शेयरधनीहरुवाट सर्वसम्मतिले पारित गरियो । साथै वोनस शेयर जारी गर्दा रहन आउने शेष भिन्न अंक (दशमलवपछिको शेयर ( Fraction share ) अंकलाई पछि समायोजन गर्ने गरी यथावत् कायम राख्न निर्णयार्थ सभामा पेश हुँदा सर्वसम्मत रुपले पारित गरियो ।

२) सूर्योदय लघुवित्त वित्तीय संस्था लिमिटेड र वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभ्ने/गाभिने (मर्जर) सम्वन्धी प्रस्ताव तथा सो सम्वन्धमा सञ्चालक समितिको तर्फवाट अध्यक्ष ज्यू मार्फत प्रस्तुत प्रतिवेदन प्रस्ताव निर्णयार्थ पेश हुँदा सभामा उपस्थित शेयरधनीहरुवाट सर्वसम्मतिले पारित गरियो ।

३) सूर्योदय लघुवित्त वित्तीय संस्था लिमिटेड र वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभ्ने/गाभिने (मर्जर) प्रयोजनका लागि चल, अचल सम्पति र दायित्व मुल्यांकन (Due Diligence Audit, DDA) गर्न संयुक्त मर्जर समितिवाट लेखापरीक्षक (DDA) मुल्यांकनकर्ता नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गरेकोमा सञ्चालक समितिको सिफारिस बमोजिम लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण सम्वन्धी निर्णयलाई अनुमोदन गरी (लेखापरीक्षक श्री बिबेक श्रेष्ठ एण्ड एसोसिएट्स र निजको पारिश्रमिक कर सहित रु.२,००,०००। अक्षरेपी दुई लाख रुपैयाँ मात्र दुबै संस्थाको) सर्वसम्मतीवाट पारित गर्ने निर्णय गरियो

४) सूर्योदय लघुवित्त वित्तीय संस्था लिमिटेड र वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभ्ने/गाभिने प्रयोजनका लागि सम्पत्ती तथा दायित्वको मूल्यांकनकर्ता लेखापरीक्षकबाट प्राप्त गाभ्ने/गाभिने संस्थाको चल, अचल सम्पत्ती र दायित्व मुल्यांकन (Due Diligence Audit, DDA) प्रतिवेदन तथा सो समेतको आधारमा निर्धारण गरिएको शेयर स्वाप आदान प्रदान अनुपात (Share Swap Ratio) अनुमोदन गरी (शेयर आदान /प्रदान अनुपात (Share Swap Ratio) एक बराबर एक (१:१) निर्धारण गरिएको प्रस्ताव सर्वसम्मतीवाट पारित गर्ने निर्णय गरियो ।

५) सूर्योदय लघुवित्त वित्तीय संस्था लिमिटेड र वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा आपसमा गाभ्ने/गाभिने प्रयोजनका लागि सम्पन्न सम्झौतापत्र (Agreement), सहमतिपत्र ( memorandum of

Scanned with CamScanner

Understanding (MOU), संयुक्त मर्जर समिति गठन एवं संयुक्त मर्जर समितिलाई आवश्यक कार्य गर्न सक्ने अख्तियारी प्रत्यायोजन गर्ने सञ्चालक समितिको निर्णय सर्वसम्मतीबाट पारित गर्ने निर्णय गरियो ।

६) सूर्योदय लघुवित्त वित्तीय संस्था लिमिटेड र वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभिए पश्चात बन्ने लघुवित्त वित्तीय संस्थाको नेपालीमा नाम **"सूर्योदय वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड"** र अंग्रेजीमा **"SURYODAYA WOMI LAGHUBITTA BITTIYA SANSTHA LIMITED "** कायम गरी सो नामबाट वित्तीय कारोबार गर्ने सम्बन्धी प्रस्ताव सर्वसम्मतीबाट पारित गर्ने निर्णय गरियो ।

७) सूर्योदय लघुवित्त वित्तीय संस्था लिमिटेड र वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभिएपछि गठन हुने सञ्चालक समितिमा यस लघुवित्त वित्तीय संस्था लिमिटेडको तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालकहरु तोक्ने तथा गाभिए पछि बन्ने संस्थाको सञ्चालक समितिमा वोमी लघुवित्त वित्तीय संस्था लिमिटेडबाट चयन भई आउनुहुने सञ्चालकलाई पदस्थापना एवं अनुमोदन गर्ने अख्तियारी सञ्चालक समितिलाई प्रत्यायोजन गर्ने प्रस्ताव सर्वसम्मतीबाट पारित गर्ने निर्णय गरियो ।

८) सूर्योदय लघुवित्त वित्तीय संस्था लिमिटेडमा हाल रहेका सञ्चालक समितिका सदस्यहरुको कार्यअवधि जतिसुकै बाँकी रहेको भएता पनि गाभ्ने/गाभिने कार्य सम्पन्न भई साविक दुवै लघुवित्त वित्तीय संस्थाहरुबाट प्रतिनिधित्व रहने गरी नयाँ सञ्चालक समिति गठन भए पछि विद्यमान सञ्चालकहरुको बाँकी कार्यकाल स्वत: समाप्त भएको मानिने साथै नयाँ सञ्चालक समितिको कार्यकाल समेत गाभिएपछि बन्ने संस्थाको पहिलो वार्षिक/विशेष साधारण सभा नभएसम्म मात्र कायम रहने सम्बन्धी प्रस्ताव पारित गर्ने प्रस्ताव सर्वसम्मतीबाट पारित गर्ने निर्णय गरियो ।

९) सूर्योदय लघुवित्त वित्तीय संस्था लिमिटेड र वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभ्ने/गाभिने सिलसिलामा कुनै कार्य गर्न वा नेपाल राष्ट्र बैंक वा कम्पनी रजिष्ट्रारको कार्यालय वा अन्य नियामक निकायबाट मर्जरको अन्तिम स्वीकृति प्राप्त गर्ने सिलसिलामा कुनै निर्देशन प्राप्त भई सो अनुसार निर्णय गर्नुपर्ने भएमा वा मर्जर प्रक्रियालाई सफलतापूर्वक सम्पन्न गर्न कुनै थप निर्णय गर्नुपर्ने भएमा सो सम्वन्धी सम्पूर्ण कार्यहरु गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने प्रस्ताव सर्वसम्मतीबाट पारित गर्ने निर्णय गरियो ।

१०) सूर्योदय लघुवित्त वित्तीय संस्था लिमिटेड र वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभिएपछि गाभ्ने संस्था वोमी लघुवित्त वित्तीय संस्था लिमिटेडको प्रबन्धपत्र तथा नियमावलीमा परिवर्तन हुने भएकोले परिवर्तित प्रवन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने सम्वन्धी प्रस्ताव पेश हुँदा तपसिल बमोजिम रहने गरि सर्वसम्मतीबाट पारित गर्ने निर्णय गरियो ।

**प्रबन्धपत्रतर्फ**

दफा ५ को न

वित्तीय संस्थाको उद्देश्य प्राप्त गरिने कामहरु अन्तर्गत (ध) पछि देहायका बुदाहरु थप गर्ने ।

(न) नेपाल राष्ट्र बैंकको स्वीकृत लिई इलेक्ट्रोनिक बैकिङ्ग सम्वन्धी कारोबार गर्ने ।

दफा (६) को

६ (क) लघुवित्त वित्तीय संस्थाको अधिकृत पूँजी रु १,००,००,००,०००।- (अक्षरेपी एक अरव मात्र) हुनेछ । सो पुँजीलाई प्रतिशेयर रु. १०० का दरले १,००,००,०००।- (एक करोड) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

६(ख) वित्तीय संस्थाको जारी पूँजी रु ७९,१९,८४,७९०। (अक्षरेपी उनानअसि करोड उन्नाईस लाख चौरासि हजार सात सय नब्बे मात्र) हुनेछ । सो पुँजीलाई प्रति शेयर रु १००। दरका ७९,१९,८४७.९० (उनानअसि लाख उन्नाईस हजार आठ सय सड्चालिस दशमलव नब्बे) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

६ (ग) वित्तीय संस्थाको चुक्ता पूँजी रु ७९,१९,८४,७९०।- (अक्षरेपी उनानअसि करोड उन्नाईस लाख चौरासि हजार सात सय नब्बे मात्र) हुनेछ । सो पु"जीलाई प्रति शेयर रु १००।- दरका ७९,१९,८४७.९० (उननअसि लाख उन्नाईस हजार आठ सय सड्चालिस दशमलव नब्बे) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

## नियमावलीतर्फ

दफा (१) कम्पनिको नाम : यस कम्पनीको नाम "सुर्योदय वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड" हुनेछ । यसलाई अंग्रेजीमा Suryodaya Womi Laghubitta Bittiya Sanstha Limited भनिनेछ र जसलाई यसपछि "वित्तीय संस्था" भनिएको छ ।

दफा (२) वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय मर्जर गर्ने प्रयोजनका लागि गरिएको सहमति बमोजिम हुने गरी मर्जर पश्चात् नेपाल राष्ट्र बैंकको स्वीकृति लिई काठमाण्डौं र ललितपुर महानगरपालिका वाहेक काठमाण्डौं उपत्यकाको अन्य स्थानमा स्थानान्तरण गर्ने सम्बन्धमा सञ्चालक समितिले निर्णय गरे बमोजिम कायम गरिनेछ ।

११) सूर्योदय लघुवित्त वित्तीय संस्था लिमिटेड र वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड गाभ्ने/गाभिने (मर्जर) कार्य पश्चात् हुने संस्थाको नाम, ठेगाना, अधिकृत पुजी जारी पुजी, चुक्ता पुजी, शेयर संरचना लगायतमा परिवर्तन हुने भएकोले सो बमोजिम हुने गरी प्रबन्धपत्र र नियमावलीको तीन महलेमा उल्लेख भए अनुसारको आवश्यक दफाहरु तथा नियमहरु संशोधन/परिमार्जन गर्ने तथा पारित प्रस्ताव नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती लिने र अभिलेख गर्ने क्रममा आवश्यक थपघट संशोधन वा परिमार्जन गर्नु परेमा सो गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पेश भएकोमा सर्वसम्मतीले पारित गर्ने निर्णय गरियो ।

१२) सूर्योदय लघुवित्त वित्तीय संस्था लिमिटेड र वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभिएर वन्ने संस्था, **सूर्योदय वोमी लघुवित्त वित्तीय संस्था लिमिटेडले** अन्य लघुवित्त वित्तीय संस्थाहरु प्राप्ति गर्ने (Acquisition) सम्बन्धमा, उपयुक्त लघुवित्त वित्तीय संस्थाहरु खोजी गर्ने, उपयुक्त संस्थालाई एक्विजिसन सम्बन्धी सहमतिपत्र (Memorandum of Understanding) तयारी गरी हस्ताक्षर गर्ने, सम्पुर्ण चल अचल सम्पति तथा दायित्व मूल्यांकन (Due Diligence Audit, DDA) गर्ने मुल्यांकन कर्ता लेखापरीक्षक नियुक्त गर्ने, निजको पारिश्रमिक तोक्ने र निजबाट संस्थाको सम्पूर्ण चल अचल सम्पति तथा दायित्व मूल्यांकन (Due Diligence Audit, DDA) गराउने तथा प्राप्ति गर्ने (Acquisition) सम्बन्धमा नियमनकारी निकायहरुसग सहमति लिने, वा प्राप्ति गर्ने (Acquisition) सम्बन्धी कार्यको लागि प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्नुपर्ने भएमा सो समेत गर्ने लगायतका सम्पूर्ण प्रक्रिया अवलम्बन गरी प्राप्ति गर्ने (Acquisition) सम्बन्धी सम्पूर्ण कार्य गर्न सूर्योदय लघुवित्त वित्तीय संस्था लिमिटेड र वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड एकआपसमा गाभिएर बन्ने लघुवित्त वित्तीय संस्था, सूर्योदय वोमी लघुवित्त वित्तीय संस्था लिमिटेडको एकिकृत कारोबार गरे पछि गठन हुने सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने प्रस्ताव निर्णयार्थ सभामा पेश हुँदा उपस्थित सम्पुर्ण शेयरधनीहरुबाट सर्वसम्मतिले पारित गरियो ।

१३) प्रबन्धपत्र तथा नियमावली संशोधन उपर नेपाल राष्ट्र बैंक एवं कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृत/संशोधन अभिलेख गराउनको लागि आवश्यकता अनुसार सो मा थपघट गर्न तथा सच्याउन परेमा सो सम्वन्धी सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने प्रस्ताव निर्णयार्थ सभामा पेश हुँदा उपस्थित सम्पुर्ण शेयरधनीहरुबाट सर्वसम्मतिले पारित गरियो ।

Scanned with CamScanner

१४) वित्तीय संस्थाको सञ्चालक समिति, अन्य समितिहरुको बैठकहरु, साधारण सभा लगायतका बैठक तथा सभाहरु विद्युतिय माध्यमबाट समेत गर्न सक्ने र सदस्यहरुसँग वित्तीय कारोबार गर्दा विद्युतिय कारोबार जस्तै एसएमएस बैंकिङ, मोवाइल बैंकिङ, इन्टरनेट बैंकिङ आदि जस्ता कारोबार गर्ने गरी वित्तीय संस्थाको नियमावली तथा प्रबन्धपत्रमा आवश्यक संशोधन, परिमार्जन थप व्यवस्था कायम गर्ने प्रस्ताव निर्णयार्थ सभामा पेश हुँदा उपस्थित सम्पुर्ण शेयरधनीहरुबाट सर्वसम्मतिले पारित गरियो ।

१५) विविध ।

सभाको निर्धारित विषयसूचीहरु नभएकोले यस सम्वन्धमा छलफल तथा निर्णय भएन ।

## १५. अध्यक्षद्वारा धन्यवाद ज्ञापन तथा सभाको विसर्जन :-

सूर्योदयको आजसम्मको यात्रामा साथ दिई बहुमूल्य योगदान पुर्‍याउनुहुने शेयरधनी महानुभावहरू, नियमनकारी निकायहरू, नेपाल राष्ट्र बैंक, नेपाल सरकारका विभिन्न निकायहरू, कम्पनी रजिष्ट्रारको कार्यालय, धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लि., ग्लोबल आइएमई क्यापिटल लि.समयमै लेखापरीक्षण कार्य सम्पन्न गरी विभिन्न सल्लाह सुझाव प्रदान गर्नुहुने लेखापरीक्षकज्यू, अन्य विभिन्न निकायका पदाधिकारीहरू, संस्थाको प्रतिष्ठा उच्च राख्न सहयोग गर्नुहुने पत्रकार तथा सञ्चार प्रतिष्ठानहरू, संस्थालाई कर्जा तथा बैंकिङ्ग सुविधा उपलब्ध गराउने विभिन्न बैंक तथा वित्तीय संस्थाहरू, संस्थाका ग्राहक सदस्य तथा शुभेच्छुकहरूप्रति हार्दिक आभार व्यक्त गर्दै आगामी दिनहरूमा समेत वहाँहरूबाट अझ बढी सहयोगको अपेक्षा राख्दै संस्थाले आजको दिनसम्म हासिल गरेको उपलब्धीमा उल्लेखित संस्थाहरूको सहयोग र सद्भावको साथै संस्थाका सञ्चालक समितिका सदस्यहरू, कर्मचारीहरूको अहोरात्र परिश्रमबाट सम्भव भएकोले यस अवसरमा सम्पूर्ण कर्मचारीहरूलाई समेत हार्दिक धन्यवाद दिई अपरान्ह २.०० बजे कार्यक्रमको समापन भएको घोषणा गर्नुभएको थियो ।

राजेन्द्र न्यौपाने
कम्पनी सचिव
मिति २०७८।०९।१६

सूर्योदय

लेखनाथ खनिया
अध्यक्ष
मिति २०७८।०९।१६

Scanned with CamScanner